श्री ५ को सरकार

पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको सूचना

विकेन्द्रीकरण (कार्य व्यवस्था) (पहिलो संशोधन) नियमावली, २०४५

विकेन्द्रीकरण (कार्य व्यवस्था) नियमावली, २०४१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकेन्द्रीकरण ऐन, २०३९ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "विकेन्द्रीकरण (कार्य व्यवस्था) (पहिलो संशोधन) नियमावली, २०४५" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विकेन्द्रीकरण (कार्य व्यवस्था) नियमावली, २०४१ को नियम ४ मा संशोधनः विकेन्द्रीकरण (कार्य व्यवस्था) नियमावली, २०४१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को उप-नियम (१) को,–

(१) खण्ड (ख) को उप-खण्ड (३) मा रहेको "आयुर्वेदिक" भन्ने शब्दपछि "युनानी" भन्ने शब्द थपिएको छ ।

(२) खण्ड (ख) को उप-खण्ड (४) मा रहेको "आयुर्वेदिक तथा होमियोप्याथिक" भन्ने शब्दहरूको सट्टा "आयुर्वदिक, युनानी वा होमियोप्याथिक" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (ख) को उप-खण्ड (७) मा रहेको विभागको भन्ने शब्दको सट्टा "मन्त्रालय वा क्षेत्रीय स्वास्थ्य निर्देशनालयको" भन्ने शब्दहरू राखिएका छन् ।

(४) खण्ड (ख) को उप-खण्ड (८) को सट्टा देहायको उप-खण्ड (८) राखिएको छः–

"(८) औलो रोग, क्षयरोग, कुष्ठ रोगजस्ता रोगको उन्मूलनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।"

(५) खण्ड (छ) को उप-खण्ड (८) र उप-खण्ड (९) को सट्टा देहायको उप-खण्ड (८) र (९) राखिएका छन्ः–

"(८) पर्यटन स्थल, विश्राम गृह तथा क्याम्पिङ साइटको निर्माण संरक्षण तथा व्यवस्थापन गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) पर्यटक स्तरको साधारण होटल, लज, रेष्टुराँ, बार तथा आवास गृह खोल्न स्वीकृति दिने र तिनीहरूको निरीक्षण गरी स्तरीय तुल्याउने ।"

(६) खण्ड (छ) को उप-खण्ड (९) पछि देहायको उप-खण्ड (१०) थपिएको छः–

"(१०) उप-खण्ड (८) र (९) बमोजिमको व्यवस्था गर्दा पर्यटनसम्बन्धी मापदण्डलाई ध्यान दिनु पर्नेछ ।"

(७) खण्ड (ट) को उप-खण्ड (१) को सट्टा देहायको उप-खण्ड (१) राखिएको छः–

"(१) राष्ट्रिय पर्व तथा चाडहरू भव्य रूपले मनाउने व्यवस्था गर्ने ।"

(८) खण्ड (ट) को उप-खण्ड (१९) पछि देहायको उप-खण्ड (२०) थपिएको छः–

"(२०) शाखा कार्यालयहरूमा खर्च भएको रकमको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने ।"

३. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ को उप-नियम (१) को,–

(१) खण्ड (ख) को उप-खण्ड (१५) को सट्टा देहायको उप-खण्ड (१५) राखिएको छः–

"(१५) रेविज रोगको नियन्त्रणको लागि भुस्याहा कुकुर सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।"

(२) खण्ड (छ) को उप-खण्ड (१०) पछि देहायको उप-खण्ड (११) थपिएको छः–

"(११) उप-खण्ड (९) र (१०) बमोजिम व्यवस्था गर्दा पर्यटनसम्बन्धी मापदण्डलाई ध्यान दिनु पर्नेछ ।"

४. मूल नियमावलीको नियम २२ मा संशोधनः मूल नियमावलीको नियम २२ को उप-नियम (१) को,–

(१) खण्ड (ख) को उप-खण्ड (१३) पछि देहायको उप-खण्ड

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१४) र उप-खण्ड (१५) थपिएका छन्:–

"(१४) रेविज रोगको नियन्त्रणको लागि भुस्याहा कुकुर सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

(१५) स्वास्थ्यसम्बन्धी अन्य कार्यक्रमहरूमा सहयोग पुर्‍याउने ।"

(२) खण्ड (छ) को उप-खण्ड (६) को सट्टा देहायको उप-खण्ड (६) राखिएको छ:–

"(६) पर्यटन स्थल, पदयात्रा मार्ग, वातावरण, क्याम्पिङ साइट र पर्यटकहरूको संरक्षण गर्ने ।"

(३) खण्ड (छ) को उप-खण्ड (६) पछि देहायको उप-खण्ड (७) थपिएको छ:–

"(७) उप-खण्ड (५) र (६) बमोजिमको व्यवस्था गर्दा पर्यटनसम्बन्धी मापदण्डलाई ध्यान दिनु पर्नेछ ।"

५. मूल नियमावलीको नियम २५ मा संशोधन: मूल नियमावलीको नियम २५ को उप-नियम (१) को खण्ड (ग) पछि देहायको खण्ड (ग.१) थपिएको छ:–

"(ग.१) बालबालिकाहरूलाई बी. सी. जी., पोलियो आदि खोपको व्यवस्था मिलाउने र अन्य सरूवा रोगको रोकथाम गर्ने व्यवस्था मिलाउने ।"

६. मूल नियमावलीको नियम २९ मा संशोधन: मूल नियमावलीको नियम २९ को उप-नियम (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छ:–

"(च) बाटो, सडक, सिंचाइ कुलो लगायत अन्य विषयका आयोजना तर्जुमा गर्दा वातावरण तथा भू-संरक्षण सम्बन्धमा विशेष ध्यान दिने ।"

७. मूल नियमावलीको नियम ३० मा संशोधन: मूल नियमावलीको नियम ३० को उप-नियम (१) को खण्ड (घ) को उप-खण्ड (२) मा रहेको "आयुर्वेदिक" भन्ने शब्दपछि "युनानी वा" भन्ने शब्दहरू थपिएका छन् ।

८. मूल नियमावलीको नियम ३१ मा संशोधन: मूल नियमावलीको नियम ३१ को,–

(१) उप-नियम (१) मा रहेको "जिल्ला तथा गाउँको वार्षिक कार्यक्रम" भन्ने शब्दहरूको सट्टा "जिल्ला, नगर तथा गाउँ पञ्चायतको वार्षिक कार्यक्रम र" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (४) मा रहेको "जिल्ला तथा गाउँ पञ्चायतलाई" भन्ने शब्दहरूको सट्टा "जिल्ला, नगर तथा गाउँ पञ्चायतलाई" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप-नियम (७) मा रहेको "विचार गरी" भन्ने शब्दहरूपछि" "जिल्ला नगर तथा" भन्ने शब्दहरू थपिएका छन् ।

(४) उप-नियम (१५) पछि देहायको उप-नियम (१५.क) थपिएको छः–

"(१५.क) जिल्ला सुपरिवेक्षण समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतले गरेको निर्णय बैठकको निर्णय हुनेछ ।"

९. मूल नियमावलीको नियम ३३ मा संशोधनः मूल नियमावलीको नियम ३३ को सट्टा देहायको नियम ३३ राखिएको छः–

"३३. उपभोक्ता समितिको गठन (१) स्थानीय पञ्चायतले ऐनको दफा १९ बमोजिम उपभोक्ता समितिको गठन गर्नु पर्नेछ ।

(२) सम्बन्धित पञ्चायतले उप-नियम (१) बमोजिम उपभोक्ता समिति गठन नगरेको अवस्थामा एक तहमाथिको स्थानीय पञ्चायतले उपभोक्ता समिति गठन गर्न सक्नेछ ।

(३) यो नियमावली लागू हुनुभन्दा पहिलेका आयोजनाहरूको सम्बन्धमा पनि स्थानीय पञ्चायतले उपभोक्ता समिति गठन गरी जिम्मा दिन सक्नेछ ।"

१०. मूल नियमावलीको नियम ३४ मा संशोधनः मूल नियमावलीको नियम ३४ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) उपभोक्ता समितिको बैठकमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।"

११. मूल नियमावलीको नियम ३५ मा संशोधनः मूल नियमावलीको नियम ३५ को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः–

"(च) उपभोक्ता समितिले आयोजना कार्यान्वयनको लागि प्राप्त भएको रकम र खर्च गरेको बिल, भरपाई आदिको फाँटवारी नियमानुसार सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।"

१२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. मूल नियमावलीको नियम ३६ मा संशोधनः मूल नियमावलीको नियम ३६ को,–

(१) उप-नियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :–

"(ग) स्थानीय विकास अधिकारी वा निजले तोकेको अधिकृत वा सो नभएमा सहायक स्तरको एकजना कर्मचारी – सदस्य"

(२) उप-नियम (७) पछि देहायको उप-नियम (८) थपिएको छः–

"(८) जिल्ला विकास योजनाअन्तर्गत सञ्चालन भै अधूरो रहेका पुराना आयोजनाहरू सम्पन्न भै सकेपछि ती आयोजनाहरू समेत उप-नियम (१) बमोजिम गठन भएको जाँचपास समितिले जाँचपास गर्नु पर्नेछ ।"

१३. मूल नियमावलीमा नियम ३६. क थपः मूल नियमावलीको नियम ३६ पछि देहायको नियम ३६.क थपिएको छः–

"३६.क केन्द्रीय समन्वय समितिः (१) श्री ५ को सरकारले विकेन्द्रीकरण योजनालाइ प्रभावकारी रूपले कार्यान्वयन गर्न र तत्सम्बन्धी आवश्यक समन्वय समेत गर्न गराउन देहायका पदाधिकारी र सदस्यहरू भएको एक केन्द्रीय समन्वय समितिको गठन गर्नेछः–

१. माननीय मन्त्री, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय – अध्यक्ष
२. माननीय सहायक मन्त्री, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय – उपाध्यक्ष
३. मुख्य सचिव, मन्त्रिपरिषद् सचिवालय – सदस्य
४. सदस्य-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय "
५. सचिव, अर्थ मन्त्रालय "
६. " गृह मन्त्रालय "
७. " कृषि मन्त्रालय "
८. " शिक्षा तथा संस्कृति मन्त्रालय "
९. " स्वास्थ्य मन्त्रालय "

९२८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. सचिव उद्योग मन्त्रालय — सदस्य
११. " जलश्रोत मन्त्रालय "
१२. " आपूर्ति मन्त्रालय "
१३. " निर्माण तथा यातायात मन्त्रालय "
१४. " आवास तथा भौतिक योजना मन्त्रालय "
१५. " वन तथा भू-संरक्षण मन्त्रालय "
१६. " पर्यटन मन्त्रालय "
१७. " श्रम तथा सामाजिक कल्याण मन्त्रालय "
१८. " पञ्चायत तथा स्थानीय विकास मन्त्रालय — सदस्य-सचिव

(२) उप-नियम (१) बमोजिमको सदस्यहरूको हेरफेर वा थपघट श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गर्न सक्नेछ ।

(३) समितिको बैठक सामान्यतया चार चार महिनामा बस्नेछ । सो बाहेक अध्यक्षको निर्देशानुसार जुनसुकै बेला पनि बस्न सक्नेछ ।

१४. मूल नियमावलीको नियम ३७ मा संशोधनः मूल नियमावलीको नियम ३७ को,–

(१) खण्ड (क) को उप-खण्ड (२) मा रहेको "जिल्लास्तरीय" भन्ने शब्दहरूपछि "नगरस्तरीय" भन्ने शब्दहरू थपिएका छन् ।

(२) खण्ड (ग) को उप-खण्ड (११) पछि देहायको उप-खण्ड (१२) र उप-खण्ड (१३) थपिएका छन्:–

"(१२) जिल्ला पञ्चायत सचिवालयको प्रशासकीय प्रमुख भै काम कारवाई गर्ने गराउने ।

(१३) जिल्ला पञ्चायत सचिवालयअन्तर्गतका शाखा कार्यालयका कार्यालय प्रमुखलाई अधिराज्यमा काज खटाउने, प्रचलित नियमानुसार बिदा स्वीकृत गर्ने र सुपरिवेक्षकको हैसियतले गर्नुपर्ने कार्य सम्पादन मूल्याङ्कन कार्य समेत गर्ने ।"

१५. मूल नियमावलीको नियम ३८ मा संशोधनः मूल नियमावलीको नियम ३८ को खण्ड (ग) को उप-खण्ड (९) पछि देहायको उप-खण्ड (१०) थपिएको छः–

"(१०) नगर पञ्चायत कार्यालयको प्रशासकीय प्रमुख भै काम कारवाही गर्ने गराउने ।"

१३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. मूल नियमावलीको नियम ४० मा संशोधनः मूल नियमावलीको नियम ४० को उप-नियम (३) को अन्त तथा प्रतिबन्धात्मक वाक्यांशअगाडि देहायका शब्दहरू थपिएका छन् :–

"यसरी वचत हुन आएको रकमबाट साबिकको अधूरो योजनालाई प्राथमिकता दिई पूरा गर्नु पर्नेछ ।"

१७. मूल नियमावलीको नियम ४१ मा संशोधनः मूल नियमावलीको नियम ४१ को उप-नियम (३) को,–

(१) खण्ड (क) मा रहेको "दुई सय" भन्ने शब्दहरूको सट्टा "तीन सय" र "एक हजार" भन्ने शब्दहरूको सट्टा "तीन हजार" भन्ने शब्दहरू राखिएका छन्

(२) खण्ड (ख) मा रहेको "पचास" भन्ने शब्दको सट्टा "एक सय" भन्ने शब्दहरू र "पाँच सय" भन्ने शब्दहरूको सट्टा "एक हजार" भन्ने शब्दहरू राखिएका छन् ।

१८. मूल नियमावलीको नियम ४४ मा संशोधनः मूल नियमावलीको नियम ४४ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) अधिकार प्राप्त अधिकारीको लिखित आदेश प्राप्त गरेपछि स्थानीय पञ्चायत तथा शाखा कार्यालयले देहायबमोजिम गरी मालसामान खरीद गर्नु पर्नेछ :–

(क) एक पटकमा दुई हजार पाँच सय रूपैयाँसम्म सोझै बजारबाट

(ख) एक पटकमा दुई हजार पाँच सय रूपैयाँदेखि माथि निर्माण सामग्रीमा पचास हजार रूपैयाँ र अन्य सामानमा बीस हजार रूपैयाँसम्म दरभाउपत्र (कोटेशन) द्वारा

(ग) खण्ड (ख) मा तोकिएको अङ्कदेखि माथि जतिसुकै रूपैयाँको भएपनि बोलपत्र वा घटाघटद्वारा ।

तर दरभाउपत्र वा बोलपत्र छल्ने उद्देश्यले कोषको अवस्था अनुसार एक पटक खरीद गरे हुनेमा पटक पटक गरी खरीद गर्नु हुँदैन ।"

१९. मूल नियमावलीको नियम ४७ मा संशोधनः मूल नियमावलीको नियम ४७ को,–

(१) उप-नियम (४) कोः–

(क) खण्ड (क) मा रहेको "पाँच हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "दश हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

९३९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (ख) मा रहेको "पाँच हजार रूपैयाँभन्दा बढी पच्चीस हजार रूपैयाँसम्मको" भन्ने शब्दहरूको सट्टा "दश हजार रूपैयाँ भन्दा बढी पचास हजार रूपैयाँसम्मको" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) खण्ड (ग) मा रहेको "पच्चीस हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पचास हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-नियम (५) मा रहेको "पच्चीस हजार" भन्ने शब्दहरूको सट्टा "पचास हजार" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप-नियम (६) को सट्टा देहायको उप-नियम (६) राखिएको छः–

"(६) यस नियमबमोजिम अमानत वा ठेक्कामा काम गर्ने दक्ष, अर्ध दक्ष वा अदक्ष कालिगढ, ज्यामी, कुल्ली, भरिया, आदिको ज्याला दर आर्थिक प्रशासनसम्बन्धी नियमहरू, २०४२ बमोजिम निर्धारण हुनेछ ।"

२०. मूल नियमावलीको नियम ४८ मा संशोधनः मूल नियमावलीको नियम ४८ मा रहेको "पाँच हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पच्चीस हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

२१. मूल नियमावलीको नियम ४९ मा संशोधनः मूल नियमावलीको नियम ४९ को,–

(१) उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) बोलपत्र दाखिल गर्नुपर्ने म्यादको हकमा तीन लाख रूपैयाँ सम्मको बोलपत्र भए बोलपत्र प्रकाशित भएको मितिले पन्ध्र दिन, तीन लाख रूपैयाँदेखि पन्ध्र लाख रूपैयाँसम्मको बोलपत्र भए एक्काईस दिन र पन्ध्र लाख रूपैयाँभन्दा बढीको बोलपत्र भए आवश्यकता अनुसार पैंतालीस दिन देखि तीन महिनासम्मको म्याद दिनुपर्छ ।"

(२) उप-नियम (४) को सट्टा देहायको उप-नियम (४) राखिएको छः–

"(४) बोलपत्र दिने व्यक्तिले दश लाख रूपैयाँसम्मको बोलपत्रको लागि तीस रूपैयाँ, दश लाख रूपैयाँभन्दा माथि तीस लाख रूपैयाँसम्मको लागि एक सय रूपैयाँ, तीस लाख रूपैयाँभन्दा माथि एक करोड रूपैयाँसम्मको लागि तीन सय रूपैयाँ र एक करोड रूपैयाँभन्दा माथि जतिसुकै रकमको बोलपत्र भएपनि पाँच सय रूपैयाँ तिरी सम्बन्धित

१३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयबाट सो कार्यालयको मुख्य कर्मचारीको दस्तखत तथा कार्यालयको छाप लागेको बोलपत्र फाराम किन्नु पर्नेछ र त्यस्ता बोलपत्र फारामको साथ ठेक्काको साधारण र विशेष शर्तहरू पनि संलग्न रहेको हुनुपर्छ । बोलपत्र फारामको अतिरिक्त डिजाइन, नक्सा, लिनु परेमा स्थानीय पञ्चायतको भए सम्बन्धित पञ्चायतको सचिव र शाखा कार्यालयको हकमा शाखा कार्यालय प्रमुखले तोकी दिए बमोजिमको रकम तिरी लिनु पर्नेछ । निर्माण गर्दा वा सेवा उपलब्ध गर्दा वा मालसामान दिंदा लिंदा ठेकेदारले वा वितरकले पालना गर्नुपर्ने मुख्य मुख्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गर्नुपर्छ ।"

२२. मूल नियमावलीको नियम ५२ मा संशोधनः मूल नियमावलीको नियम ५२ को,–

(१) उप-नियम (१) को,–

(क) खण्ड (क) मा रहेको "एक लाख रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "बाह्र लाख रूपैयाँ" भन्ने शब्दहरू र "एक लाख पचास हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पच्चीस लाख रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेको "एक लाख पचास हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पच्चीस लाख रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) खण्ड (ग) मा रहेको "पचास हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा " बाह्र लाख रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(घ) खण्ड (घ) मा रहेको "पाँच हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "दश हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(ङ) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएका छन्ः–

"(ङ) खण्ड (क), (ख), (ग) र (घ) भन्दा माथिको रकमको हकमा सम्बन्धित पञ्चायतले ।"

(च) खण्ड (च) र (छ) झिकिएका छन् ।

(२) उप-नियम (२) पछि देहायको उप-नियम (३) थपिएको छः–

"(३) कबुलियत अनुसार निश्चित समयमा निर्माण वा अन्य

९३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकाससम्बन्धी कार्य सम्पन्न हुन नसकेमा ठेक्का स्वीकृत गर्ने अधिकारीले औचित्यको आधारमा प्रचलित नियमानुसार म्याद थप गर्न सक्नेछ ।"

२३. मूल नियमावलीको नियम ६० मा संशोधनः मूल नियमावलीको नियम ६० को उप-नियम (२) को,–

(१) खण्ड (क) मा रहेको "दश हजार" भन्ने शब्दहरूको सट्टा "पचास हजार" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (ख) मा रहेको "एक हजार" भन्ने शब्दहरूको सट्टा "पाँच हजार" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :–

"(ग) खण्ड (क) र (ख) मा उल्लेखित रकमभन्दा बढी रकमको हकमा सम्बन्धित पञ्चायतको स्वीकृति लिई सम्बन्धित शाखा कार्यालय प्रमुख वा सम्बन्धित पञ्चायतको सचिवले ।"

२४. मूल नियमावलीको नियम ६२ मा संशोधनः मूल नियमावलीको नियम ६२ को,–

(१) पहिलो प्रकरणमा रहेको "देहायको अधिकारीको स्वीकृति लिई स्थानीय पञ्चायतको हकमा सम्बन्धित पञ्चायतको सचिवले तथा शाखा कार्यालयको हकमा शाखा कार्यालय प्रमुखले मिह्ना दिन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित पञ्चायतको स्वीकृति लिई देहायबमोजिम मिह्ना दिन सकिनेछ" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (क) मा रहेको "दुई हजार पाँच सय" भन्ने शब्दहरूको सट्टा "पाँच हजार" भन्ने शब्द राखिएको छ ।

(३) खण्ड (ख) मा रहेको "दुई सय" भन्ने शब्दको सट्टा "पाँच सय" भन्ने शब्द राखिएको छ

२५. मूल नियमावलीको नियम ६३ मा संशोधनः मूल नियमावलीको नियम ६३ को उप-नियम (१) को,–

(क) खण्ड (क) मा रहेको "एक हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "दुई हजार पाँच सय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेको "एक हजार रूपैयाँदेखि पाँच हजार रूपैयाँ सम्म" भन्ने शब्दहरूको सट्टा "दुई हजार पाँच सय रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. मूल नियमावलीको नियम ६८ मा संशोधनः मूल नियमावलीको नियम ६८ को उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) उप-नियम (२) बमोजिम पठाइएको प्रतिक्रियामा सम्बन्धित कार्यालयले कारवाई नगरेमा जिल्ला पञ्चायतले आवश्यक कारवाहीको लागि सम्बन्धित मन्त्रालयलाई लेखी पठाउनु पर्नेछ र सो को जानकारी जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।"

२७. मूल नियमावलीको नियम ७० मा संशोधनः मूल नियमावलीको नियम ७० को,–

(१) उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) जिल्लास्तरीय आयोजनाको रकम शाखा कार्यालयहरूलाई निकाशा दिंदा कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित जिल्ला पञ्चायत सचिवालयको सिफारिशमा दिनु पर्नेछ ।"

(२) उप-नियम (२) पछि देहायको उप-नियम (२.क) थपिएको छः–

"(२.क) अन्य नियममा जुनसुकै व्यवस्था भए तापनि उप-नियम (२) बमोजिम निकाशा भएको रकम सञ्चालन गर्ने मन्त्रालयले जिल्ला पञ्चायतको शाखाको हैसियतले काम गर्ने कार्यालयलाई खर्च गर्ने अख्तियारी पठाउन पर्नेछैन ।"

(३) उप-नियम (५) को अन्तमा "त्यसरी रकम निकाशा दिंदा सोको जानकारी जिल्ला पञ्चायत सचिवालयलाई अनिवार्य रूपले दिनु पर्नेछ" भन्ने शब्दहरू थपिएका छन् ।

(४) उप-नियम (५) को प्रतिबन्धात्मक वाक्यांशको अन्तमा "सोको जानकारी सम्बन्धित पञ्चायतहरूलाई दिनु पर्नेछ" भन्ने शब्दहरू थपिएका छन् ।

२८. मूल नियमावलीको नियम ७६ मा संशोधनः मूल नियमावलीको नियम ७६ को,–

(१) उप-नियम (१) को अन्तमा "सो तर्जुमा गर्दा आधारभूत आवश्यकता सम्बन्धी खाद्यान्न, लत्ता कपडा, आवास, शिक्षा, स्वास्थ्य र सुरक्षाजस्ता महत्वपूर्ण कुरालाई प्राथमिकता दिनु पर्नेछ" भन्ने शब्दहरू थपिएका छन् ।

१३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१२) मा रहेको "अनुसूची ४ बमोजिम" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय योजना आयोगले समय समयमा तोकेको फाराममा योजनाको विवरण समेत भरी" भन्ने शब्दहरू राखिएका छन् ।

२९. <u>मूल नियमावलीको नियम ७७ मा संशोधनः</u> मूल नियमावलीको नियम ७७ को,–

(१) उप-नियम (१) को अन्तमा "सो तर्जुमा गर्दा आधारभूत आवश्यकता सम्बन्धी खाद्यान्न, लत्ता कपडा, आवास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता महत्वपूर्ण कुरालाई प्राथमिकता दिनु पर्नेछ" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उप-नियम (१०) मा रहेको "अनुसूची ४ बमोजिम" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय योजना आयोगले समय समयमा तोकेको फाराममा योजनाको विवरण समेत भरी" भन्ने शब्दहरू राखिएका छन् ।

३०. <u>मूल नियमावलीको नियम ७८ मा संशोधनः</u> मूल नियमावलीको नियम ७८ को,–

(१) उप-नियम (१) को अन्तमा "सो तर्जुमा गर्दा आधारभूत आवश्यकता सम्बन्धी खाद्यान्न, लत्ता कपडा, आवास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता महत्वपूर्ण कुरालाई प्राथमिकता दिनु पर्नेछ" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उप-नियम (६) मा रहेको "अनुसूची ४ बमोजिम" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय योजना आयोगले समय समयमा तोकेको फाराममा योजनाको विवरण समेत भरी" भन्ने शब्दहरू राखिएका छन् ।

३१. <u>मूल नियमावलीको नियम ८० मा संशोधनः</u> मूल नियमावलीको नियम ८० को उप-नियम (४) को,–

(१) खण्ड (क) को अन्तमा "र सोको जानकारी राष्ट्रिय योजना आयोग एवं पञ्चायत तथा स्थानीय विकास मन्त्रालयलाई दिने" भन्ने शब्दहरू थपिएका छन् ।

(२) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :–

"(झ) आफ्नो क्षेत्र (सेक्टर) सम्बन्धी कार्यक्रम तथा योजनाको लागि निकाशा गरी पठाएको रकमको अन्तिम लेखापरीक्षण सम्बन्धमा समयमै आवश्यक निर्देशन दिने ।"

१३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) खण्ड (ठ) पछि देहायको खण्ड (ड) थपिएको छः–

"(ड) शाखा कार्यालयका कार्यालय प्रमुखको एक महिनाभन्दा बढी अवधिको बिदा स्वीकृत भएको अवस्थामा शाखा कार्यालयको काम नरोकिने गरी आवश्यक व्यवस्था मिलाउने ।"

३२. मूल नियमावलीको नियम ८३ मा संशोधनः मूल नियमावलीको नियम ८३ को,–

(१) उप-नियम (३) मा रहेको "गाउँ" भन्ने शब्दपछि "तथा नगर" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उप-नियम (६) पछि देहायको उप-नियम (७) र (८) थपिएका छन् :–

"(७) आफ्नो शाखा कार्यालयबाट नगर पञ्चायत क्षेत्रमा सञ्चालन हुने आयोजनाहरूको जानकारी नगर पञ्चायतलाई उपलब्ध गराउने ।

(८) शाखा कार्यालयमा खर्च भएको रकमको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने ।"

३३. मूल नियमावलीको नियम ८७ मा संशोधनः मूल नियमावलीको नियम ८७ को सट्टा देहायको नियम ८७ राखिएको छ :–

"८७. कार्यसम्पादन मूल्याङ्कन गर्नेः शाखा कार्यालयका कार्यालय प्रमुखको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा जिल्ला पञ्चायत सचिव र सम्बन्धित क्षेत्रीय निर्देशक दुवैले सुपरिवेक्षकको हैसियतले छुट्टा छुट्टै मूल्याङ्कन गरी सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ । यसरी प्राप्त भएको मूल्याङ्कन फारामहरूमा दुवै सुपरिवेक्षकले दिएको अङ्कको पचास पचास प्रतिशत निर्धारण गरी पुनरावलोकनकर्ताले पुनरावलोकन गर्न पर्नेछ ।"

३४. मूल नियमावलीको नियम ८८ मा थपः मूल नियमावलीको नियम ८८ को उप-नियम (२) पछि देहायको उप-नियम (२.क) थपिएको छः–

"(२.क) उप-नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय पञ्चायतको विकास आयोजनाको प्रगति समीक्षा नियमित रूपले गर्नु पर्नेछ ।"

१३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. मूल नियमावलीमा नियम ९७ थपः मूल नियमावलीको नियम ९६ पछि देहायको नियम ९७ थपिएको छः–

"९७. अनुसूचीमा हेरफेरः श्री ५ को सरकारले यस नियमावलीका अनुसूचीहरूमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक हेरफेर गर्न सक्नेछ ।"

३६. मूल नियमावलीको अनुसूचीहरूमा संशोधनः मूल नियमावलीको,–

(१) अनुसूची ३ को,–

(क) संख्या ३ को अन्तमा "र झोलुंगेपुल" भन्ने शब्दहरू थपिएका छन् ।

(ख) संख्या ५ मा रहेको "आयुर्वेदिक" भन्ने शब्दपछि "युनानी" भन्ने शब्द थपिएको छ ।

(ग) संख्या ९ मा रहेको "हुने सबै खानेपानी, सिंचाइ, झोलुंगेपुल र" भन्ने शब्दहरू झिकिएका छन् ।

(घ) संख्या १० को सट्टा देहायको संख्या १० राखिएको छः–

"१०. पर्यटन मन्त्रालयः

आधार– स्थानीय स्तरको सहभागिता तथा व्यवस्थापन आवश्यक पर्ने सबै किसिमका पर्यटन क्षेत्र तथा स्थलहरूको संरक्षण, सम्बर्द्धन, विकास तथा विस्तारसम्बन्धी कार्यहरू ।"

(ङ) संख्या १० पछि देहायको संख्या ११ थपिएको छः–

"११. आवास तथा भौतिक योजना मन्त्रालयः

आधार– स्थानीय स्तरको खानेपानी, ढल निकास र बसोवास कार्यक्रम ।"

(२) अनुसूची ५ को सट्टा यसैसाथ संलग्न अनुसूची ५ राखिएको छ ।

३७. खारेजीः मूल नियमावलीको अनुसूची ४, ४ (क), ४ (ख) र ४ (ग) खारेज गरिएका छन् ।

१३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–५
(नियम ८४ को उप-नियम (४) सित सम्बन्धित)
योजना सम्झौता फाराम

१. सम्झौता गर्ने पक्षहरू:–

(क) . . . . . पञ्चायत. . . . . जिल्ला:–. . . .

शाखा. . . . . जिल्ला:–. . . .

(ख) उपभोक्ता समितिको विवरण:–

(यसअन्तर्गत सम्बन्धित उपभोक्ता समितिको नाम, पञ्चायत, वडा, गाउँ र कुन आयोजनासित सम्बन्धित समिति हो सो आयोजनाको नाम समेत उल्लेख गर्नु पर्दछ)

. . . .

२. सम्झौतासित सम्बन्धित स्थानीय आयोजनाको नाम:– . . . .

३. जिल्ला सभा वा अन्य निकायबाट आयोजना स्वीकृत भएको मिति:–. . . . .

४. आयोजना लागू हुने पञ्चायत, वडा र गाउँहरूको नाम:–. . . . .

५. आयोजनाबाट लाभान्वित हुने:–

५.१ घर परिवार संख्या:–

५.२ जनसंख्या:–

६. आयोजनाबाट प्राप्त हुने लाभको परिमाणात्मक विवरण:–. . . . . . .

७. आयोजना:–

७.१ शुरू हुने मिति:–. . . . . .

७.२ सम्पन्न हुने मिति:–. . . . . .

८. आयोजनाको लागतसम्बन्धी विवरण:–

(लगत इष्टिमेट संलग्न हुनुपर्दछ)

८.१ कुल अनुमानित खर्च:–. . . .

८.२ सम्बन्धित पञ्चायत वा

१२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शाखा कार्यालयबाट व्यहोरिने रकमः– . . . . . .

८.३ सम्बन्धित पञ्चायत वा

शाखा कार्यालयबाट प्राप्त हुने सामग्रीको मूल्यः–. . . . .

८.४ उपभोक्ता समितिबाट व्यहोर्ने रकमः–. . . . . . .

८.५ उपभोक्ता समितिबाट व्यहोर्ने श्रमः–. . . . . .

९. उपभोक्ता समिति गठन भएको मितिः– . . . . .

१०. उपभोक्ता समितिका पदाधिकारीहरूको नाम, थर, वतनः–

१०. १ – अध्यक्ष ....

१०. २ – सदस्य ....

१०. ३ – " ....

१०. ४ – " ....

१०. ५ – " ....

१०. ६ – " ....

१०. ७ – " ....

१०. ८ – " ....

१०. ९ – " ....

१०.१० – " ....

१०.११ – "

११. उपभोक्ता समितिलाई रकम दिने किस्तासंख्या र अनुमानित मितिः– ......

किस्ताको क्रमाङ्क	किस्ताको रकम	अनुमानित मिति
पहिलो	....	....
दोश्रो	....	....
तेश्रो	....	....
जम्माः–		

१२. आयोजना मर्मत सम्भारको व्यवस्थासम्बन्धी विवरणः–

१२.१. आयोजना सालबसाली सञ्चालन गर्न आवश्यकः–

१२.१.१. प्रतिवर्ष स्थानीय कर्मचारीको तलब वा ज्यालारकम...

१२.१.२. प्रतिवर्ष भौतिक सामग्रीहरूको निम्ति आवश्यक पर्ने रकम....................

१२.१.३. जम्माः–.......

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२.२. माथि १२.१.३ अन्तर्गत स्थानीय रूपले साधन परिचालन गर्ने स्रोत र रकम विवरणः–

स्रोतको विवरण	परिचालन हुने अनुमानित रकम
१.	....
२.	....
३.	....
	जम्माः–

१३. सम्झौताको शर्तहरूः

१३.१. माथि ८.२ र ८.३ अन्तर्गत सम्बन्धित पञ्चायतबाट वा शाखा कार्यालयबाट उपलब्ध गराइने रकम र सामग्री उपभोक्ता समितिले सोही आयोजनाको निम्ति मात्र खर्च गर्नु पर्नेछ ।

१३.२. माथि ८.४ अन्तर्गत उपभोक्ता समितिबाट व्यहोर्नु पर्ने रकम सो अनुसार स्थानीय रूपले व्यहोरिनेछ ।

१३.३. उपभोक्ता समितिले आयोजनाको डिजाइन इष्टमेटबमोजिम आयोजनालाई निर्बाध रूपले ठीक ठीक समयमा सम्पन्न गर्नु पर्नेछ ।

१३.४. माथि १२.१ मा उल्लेखित आयोजना सालबसाली सञ्चालन गर्न आवश्यक रकम १२.२ मा उल्लेखित स्थानीय रूपले साधन परिचालन गर्न उल्लेखित वा पछि थपिने अन्य स्रोतहरूबाट परिचालन गरी आयोजनाको राम्रो मर्मत सम्भारको व्यवस्था उपभोक्ता समितिले गर्नेछ ।

१३.५. माथि उल्लेखित शर्तहरूको पालना भएको आधारमा माथि ११ मा उल्लेखित किस्ताहरूमा सम्बन्धित पञ्चायत वा शाखा कार्यालयले रकम सम्भव भएको ठाउँमा समितिको नाउँमा बैंकमा खाता खोली र सम्भव नभएमा सोझै भुक्तानी दिनेछ ।

१३.६. उपभोक्ता समितिले खर्चको फाँटवारी र प्रगति प्रतिवेदन सम्बन्धित कार्यालयले तोकेबमोजिम उपलब्ध गराउनेछ ।

१३.७. उपभोक्ता समितिले आयोजना सम्पन्न भएपछि जाँचपासको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपरोक्तबमोजिम शर्तहरूका अधीनमा रही यो सम्झौता गर्न मञ्जूर गर्दछौं ।

१. जिल्ला पञ्चायत सचिव वा निजले तोकेको अधिकृतको
नामः–
सहीः–

२. जिल्ला पञ्चायत सचिवालयको सम्बन्धित शाखा प्रमुख वा निजले तोकेको अधिकृतको
नामः–
सहीः–

३. सार्वजनिक निर्माण शाखाका इन्जिनीयर वा निजले तोकेको ओभरसियरको
नामः–
सहीः–

४. सम्बन्धित गाउँ वा नगर पञ्चायत सचिवको
नामः–
सहीः–

५. .....उपभोक्ता समितिको अध्यक्षको
नामः–
सहीः–

मितिः–

आज्ञाले,
भक्तबहादुर कोइराला
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।